रामनगर गाउँपालिका
RAMNAGAR RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
रामनगर, सर्लाही
Ramnagar, Sarlahi

२ नं. प्रदेश ,नेपाल
2 No. Province, Nepal

पत्र संख्या(L/No). ०७४-७५
चलानी नं. ६५५

मिति :-२०७५।३।२४

उपरोक्त सम्बन्धमा यस रामनगर गाउँपालिका सिमा क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको वजारहरुवाट आ.व. ०७५/७६ को लागि वजार ठेक्का मिति २०७५/३/२० गतेको निर्णयानुसार ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इक्छुक व्यक्ति वा फर्मलाई तोकिएको सर्तहरुको अधिनमा रहि रितपुर्वकको गोप्य सिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्न सम्बन्धी सवैको जानकारिकोलागि सात दिने सूचना प्रकाशन गरिएको छ ।

| १ | वजार क्षेत्रहरु | | न्यूनतम रकम | वोलपत्र रकम |
|---|---|---|---|---|
| | क) | सिसौट वजार | ४,००,१०५/- | ५००/- |
| | ख) | खैर्वा वजार | २,०५,००५/- | ५००/- |

**शर्तहरु**

१. ठेक्का अवधि मिति २०७५ श्रावण १ गते देखि २०७६ अशाढ मसान्त सम्म हुनेछ ।

२. वोलपत्रदाता आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिसत र विदेशि नागरिक भए १० प्रतिशत धरौटि रकम राखि पेश गर्नु पर्ने छ । साथै नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. जुन व्यक्ति वा फर्मको नाम वाट वोलपत्र खरिद भएको हो सोहि व्यत्ति वा फर्मको नाममा वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामवाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिइनेछैन । साथै हुलाक सेवा, कुरियर आदि वाट पठाएको वोलपत्र स्वीकार्य हुने छैन ।

५. सिलबन्दी खाममा वोलपत्र दातको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गर्नुपर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले (७)सातौ दिन भित्र वोलपत्र फारम रामनगर गा.पाको कार्यालयवाट खरिद गरि (८)आठौं दिनको ३:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र भोलिपल्ट दिनको १:०० वजे देखि वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

७. वजारको वोलपत्र दाखिला गर्दा सम्वन्धित कार्यालयवाट प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपि संलग्न राखि पेश गर्नुपर्ने छ ।

८. पर्न आएको वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. आफुले कबुल गरेको ठेक्कामा लाग्ने कर शुल्क वोलपत्र दाताले स्वयं आफै ठेक्का रकममा थप गरि यस कार्यालयमा वुझाउनु पर्नेछ ।

१०. वोलपत्र सम्बन्धि अन्य कुरा वुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि वुझ्न सकिने छ ।

११. ठेकेदारले सम्झौता पत्रमा तोकिएका वस्तुहरु मात्र तोकिए वमोजिमको दर रेटमा कर दस्तुर असुल उपर गर्नुपर्नेछ । सो भन्दा वढि दस्तुर र दर रेटमा कर दस्तुर असुल उपर गर्न पाइने छैन ।

धैर्यनाथ सिंह
नि०प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner